## कलैया उपमहानगरपालिका

### नगर कार्यपालिकाको बैठक नं.१४/०८०/८१

आज मिति २०८०।१०।२५ गते बिहीबार दिउँसो १ बजे कलैया उपमहानगरपालिकाका नगर प्रमुख श्री बिनोद प्रसाद साह ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक नं.१४।०८०।८१ (चौधौ बैठक) मा निम्नानुसारको पदाधिकारीहरूको उपस्थितिमा बैठक बसियो ।

उपस्थिति

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | बिनोद प्रसाद साह | नगर प्रमुख | [signature] | |
| २ | रौशन परविन | नगर उपप्रमुख | [signature] | |
| ३ | मोहन बहादुर क्षेत्री | वडा अध्यक्ष, वडा नं.१ | | |
| ४ | राजेश कुमार महतो | वडा अध्यक्ष, वडा नं.२ | | |
| ५ | मोहन साह कानु | वडा अध्यक्ष, वडा नं.३ | [signature] | |
| ६ | रामेश्वर प्रसाद यादव | वडा अध्यक्ष, वडा नं.४ | [signature] | |
| ७ | किशुन राउत अहिर | वडा अध्यक्ष, वडा नं.५ | [signature] | |
| ८ | रामविश्वास ठाकुर लोहार | वडा अध्यक्ष, वडा नं.६ | [signature] | |
| ९ | सैफुल्लाह मिया अंसारी | वडा अध्यक्ष, वडा नं.७ | [signature] | |
| १० | रंजित चौरसिया | वडा अध्यक्ष, वडा नं.८ | Ranjit | |
| ११ | पुरुषोत्तम सिं पाण्डे | वडा अध्यक्ष, वडा नं.९ | | |
| १२ | महम्मद सबिर | वडा अध्यक्ष, वडा नं.१० | [signature] | |
| १३ | अजय कुमार कुशवाहा | वडा अध्यक्ष, वडा नं.११ | | |
| १४ | लालबाबु महतो | वडा अध्यक्ष, वडा नं.१२ | | |
| १५ | राजेश महथा खत्री | वडा अध्यक्ष, वडा नं.१३ | | |
| १६ | सुरेन्द्र प्रसाद जैसवाल | वडा अध्यक्ष, वडा नं.१४ | | |
| १७ | भोरिक प्रसाद यादव | वडा अध्यक्ष, वडा नं.१५ | [signature] | |
| १८ | शेषनाथ साह तेली | वडा अध्यक्ष, वडा नं.१६ | [signature] | |
| १९ | दिपेन्द्र महतो | वडा अध्यक्ष, वडा नं.१७ | | |

Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| २०. | धुरुप राउत अहिर | वडा अध्यक्ष, वडा नं.१८ | [signature] | |
| २१. | हरिन्द्र राउत कुर्मी | वडा अध्यक्ष, वडा नं.१९ | [signature] | |
| २२. | मो. आलम पावरिया | वडा अध्यक्ष, वडा नं.२० | | |
| २३. | शिवबिहारी चौधरी | वडा अध्यक्ष, वडा नं.२१ | | |
| २४. | शिवचन्द्र कामी | वडा अध्यक्ष, वडा नं.२२ | [signature] | |
| २५. | अमिन अंसारी | वडा अध्यक्ष, वडा नं.२३ | [signature] | |
| २६. | हिरालाल चौधरी | वडा अध्यक्ष, वडा नं.२४ | | |
| २७. | चन्दन पटेल | वडा अध्यक्ष, वडा नं.२५ | [signature] | |
| २८. | धर्मेन्द्र प्रसाद यादव | वडा अध्यक्ष, वडा नं.२६ | [signature] | |
| २९. | अशोक कुमार तिवारी | वडा अध्यक्ष, वडा नं.२७ | [signature] | |
| ३०. | चम्पा देवी | कार्यपालिका सदस्य | [signature] | |
| ३१. | कल्पना अधिकारी नेपाल | कार्यपालिका सदस्य | [signature] | |
| ३२. | ललिता देवी | कार्यपालिका सदस्य | [signature] | |
| ३३. | कान्ती कुमारी | कार्यपालिका सदस्य | [signature] | |
| ३४. | लिलावती कुमार लोहार | कार्यपालिका सदस्य | [signature] | |
| ३५. | उदित कुमार साह कानु | कार्यपालिका सदस्य | [signature] | |
| ३६. | राजेश्वर सिंह | कार्यपालिका सदस्य | [signature] | |
| ३७. | नाथु साह | प्रमुख प्रशासकीय अधिकृत | [signature] | |

**बैठकमा आमन्त्रित तथा सहजीकरण गर्ने कर्मचारीहरूको उपस्थिति**

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | दिवाकर झा | प्रशासन शाखा प्रमुख | [signature] | |
| २. | मन्जु सैना | सहायक, प्रशासन शाखा | [signature] | |
| ३. | | | | |

# कलैया उपमहानगरपालिका

## नगर कार्यपालिकाको बैठक नं.१४/०८०/८१ मिति २०८०।१०।२५ गतेको एजेण्डा तथा निर्णयहरू

### छलफल भएका विषयहरू र निर्णयहरू (Agendas and Decisions)

१. घर भाडा सम्बन्धमा ।

**निर्णय:** यस उपमहानगरपालिकाका विभिन्न वडाहरूले आफ्नो वडा कार्यालय भवन नभएको तथा उक्त वडामा सार्वजनिक भवन उपलब्ध नभएकोले वडा समितिले नै निर्णय गरी घरधनीसँग वार्ता गरी कोठाहरू भाडामा लिई भाडाको कोठाबाट वडा कार्यालय संचालन गर्दै आएकोमा अबदेखि सार्वजनिक खरिद ऐन, २०६३ बमोजिमको प्रक्रिया पुर्याई कोठाहरू भाडामा लिई उक्त कोठाहरूबाट वडा समिति सञ्चालन गर्ने तथा सो बमोजिमको प्रक्रिया अनुसार कोठाहरू भाडामा लिए पश्चात हाल भाडाको कोठाहरूको सम्झौता रद्द गर्ने सोको लागि हाल नै घरधनीहरूलाई जानकारी गराउने निर्णय गरियो ।

२. विभिन्न योजनाहरूको म्याद थप गर्ने सम्बन्धमा ।

**निर्णय:** तपसिल बमोजिमको योजनाहरूको तोकिएको प्राविधिक तथा सामाजिक कारणले समयमा सम्पन्न हुने नदेखिएकोले देहाय बमोजिमको म्याद थप गर्ने निर्णय गरियो ।

(क) कलैया उ.म.न.पा. वडा नं.९ मा आ.व.२०७७।७८ मा वडा स्तरीय योजना अन्तर्गत रामपुर डाबराटोल र शिव मंदिर पछाडी बाटो ढलान तथा नाला निर्माण उपभोक्ता समिति वडा नं.९ रामपुरको भुक्तानीको लागि म्याद थप गर्ने,

(ख) यस उ.म.न.पा.को आ.व.२०७७।७८ को ठेक्का नं.४ को मटिअर्वा गेट निर्माण कार्यको म्याद २०८१ बैसाख मसान्तसम्म थप गर्ने,

(ग) यस उ.म.न.पा.को ठेक्का नं.KSMC/NCB/WORKS-06-079/80 मोतिसर विद्यालय भवन निर्माणको कार्य गर्ने म्याद २०८० चैत्र मसान्तसम्म थप गर्ने,

(घ) कलैया उ.म.न.पा. वडा नं.१५ मा आ.व.२०७९।८० मा वडा स्तरीय योजना अन्तर्गत बकुलहर टोलमा रहेको वडा कार्यालय मरम्मत संभार उपभोक्ता समितिको भुक्तानीको लागि म्याद थप गर्ने निर्णय गरियो ।

३. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको सुझाव छलफल गर्ने सम्बन्धमा ।

**निर्णय:** संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्राप्त तपसिल बमोजिमको सुझावहरू छलफल गरियो ।

(क) संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.सं.२०८०।८१ च.नं.४३४ मिति २०८० माघ २३ गतेको पत्रानुसार सुझाव कार्यान्वयन सम्बन्धमा आयोगको सुझाव छलफल गरियो ।

(ख) संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.सं.२०८०।८१ च.नं.१९३ मिति २०८०।०६।०७ गतेको सुझाव कार्यान्वयन गर्ने सम्बन्धी सुझाव छलफल गरियो ।

४. आर्थिक सहयोगउपलब्ध गराउने सम्बन्धमा ।

**निर्णय:** तपसिल बमोजिमको आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

(क) मिति २०८०।१०।२१ गते जलसाको लागि आर्थिक सहयोग उपलब्ध गराउने निर्णयमा रु.१५०००।– थप गरी जम्मा रु.४००००।– आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

(ख) कलैया हाट बजारमा शुभ अखण्ड अष्टयाम गर्नका लागि रु.२१०००।– आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

CamScanner

**५. वडा नं. ८ को वडा कार्यालय भवन निर्माण सम्बन्धमा ।**

**निर्णयः** जिल्ला समन्वय समितिको ५०% सहकार्यमा वडा नं.८ को वडा कार्यालय भवन निर्माण गर्ने निर्णय गरियो ।

**६. कलैया-२७ को पोखरी टेण्डर सम्बन्धमा ।**

**निर्णयः** कलैया-२७ रामपुर बिजुलपुरको आधारभूत विद्यालय नजिकको पोखरीको डिलमा रहेको छठ घाटलाई व्यवस्थित गर्नको लागि अर्को निर्णय नभएसम्मको लागि टेण्डर नगर्ने निर्णय गरियो ।

**७. वडा नं.१९ को वडा कार्यालयको जग्गा सट्टापट्टा सम्बन्धमा ।**

**निर्णयः** यस प्रस्ताव माथि छलफल गर्दा वडा नं.१९ को च.नं.८५३ मिति २०८०।१०।२३ गतेको पत्रानुसार वडा नं.१९ को नयाँ बन्ने वडा कार्यालय भवनको लागि जग्गा अपुग रहेको तथा आवतजावत गर्ने बाटो पनि साँघुरो रहेकोले सोही वडाको प्रभु पाण्डेको नाममा दर्ता रहेको साविक गा.वि.स. रघुनाथपुर वडा नं.३ कि.नं.१००२ र १००३ को ज.वि. ०-०-७ र ०-०-७ जग्गाको साटासाट गर्नको अनुगमन निरीक्षण गरी १५ दिन भित्र प्रतिवेदन दिने गरी तपसिलको समिति निर्माण गर्ने निर्णय गरियो।

संयोजकः वडा अध्यक्ष, वडा नं.६ः श्री रामविश्वास ठाकुर
सदस्यः वडा अध्यक्ष, वडा नं.१८ः श्री धुरुप राउत अहिर
सदस्यः वडा अध्यक्ष, वडा नं.२५ः श्री चन्दन पटेल
सदस्यः वडा अध्यक्ष, वडा नं.१९ः श्री हरिन्द्र राउत कुर्मी
सदस्य-सचिवः अमिनः वरूण यादव

**८. विशेष योजना माग गर्ने सम्बन्धमा ।**

**निर्णयः** दलित, एकल, गरिब तथा अपाङ्गता भएका महिलाहरूका लागि एडभान्स सिलाई कटाई तालिम एवम् टेलर्स संचालन, यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरूलाई बुटिक तालिम संचालन, अपाङ्गता सहायता सामग्री वितरण तथा ज्येष्ठ नागरिक दिवा सेवा तथा मिलन केन्द्र संचालन तथा व्यवस्थापनको लागि महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखाबाट पेश भएको प्रस्ताव बमोजिम विशेष योजनामा समावेश गर्ने निर्णय गरियो ।

**९. प्रधानमन्त्री रोजगार कार्यक्रमबाट योजना स्वीकृत गर्ने सम्बन्धमा ।**

**निर्णयः** वडा नं.२७ मा तपसिल बमोजिमको कार्यहरू प्रधानमन्त्री रोजगार कार्यक्रमबाट ज्याला भुक्तानी हुने गरी योजना स्वीकृत गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | वडा नं. | कार्यको नाम |
|---|---|---|
| १. | २७ | मेनरोड देखि बन्सी सहनीको खेत हुँदै गढीमाई मन्दिर सम्म कृषि बाटो निर्माण |
| २. | | नाहर देखि नहरी खोला हुँदै गोसाँई टोलसम्म कृषि बाटो निर्माण |
| ३. | | अनरजित चौधरीको घरदेखि पूर्व जाने बाटोसम्म कृषि बाटो निर्माण |
| ४. | | कट्टी टोलको मन्दिर अगाडीदेखि दक्षिण जाने बाटोसम्म कृषि बाटो निर्माण |
| ५. | | बन्सी मियाँको खेतदेखि दक्षिण जाने घनश्याम पाण्डेको खेतसम्म कृषि बाटो निर्माण |

Scanned with CamScanner

**१०.योजनाको भुक्तानी सम्बन्धमा ।**

**निर्णयः** संस्कार एफ.एम. देखि भरत चौक हुँदै बरेवासम्मको मानमत-मटिअर्वा सडकको मिति २०७९।११।१० गतेदेखि २०७९।११।१८ गतेसम्म नगर प्रमुख ज्यूको मौखिक आदेशानुसार मर्मत सम्भार कार्य गराइयो । तर मर्मतको लागि रोलर उपलब्ध गराउने बिनोद साह निर्माण सेवा, मन्तोष ससायर्स, कलैया, बारालाई प्राविधिक त्रुटीको कारण कार्यदेश उपलब्ध गराउन नसकिएको भएपनि कार्य सम्पन्न भएको ठीक साँचो देखिएको तथा निज बिनोद साह निर्माण सेवाले रोलर भाडा रू.९९,४००।—(भ्याट सहित) को बिल पेश गरेकोले निजलाई बिल बमोजिमको भुक्तानी दिने निर्णय गरियो ।

**११.सम्मान गर्ने सम्बन्धमा ।**

**निर्णयः** श्री ३ चन्द्र माध्यमिक विद्यालय कलैयामा द अग्रवाल फाउण्डेसनका अध्यक्ष श्री पवन अग्रवालद्वारा श्री ३ चन्द्र माध्यमिक विद्यालय, कलैयाको पुनर्निर्माण तथा श्री सिद्धेश्वर सँस्कृत माध्यमिक विद्यालयमा छात्रावास निर्माण गराई पुर्याउनु भएको विशिष्ट सहयोग शिक्षा क्षेत्रप्रति वहाँको सकारात्मकता एवम् देशको कर्णधार बालबालिकाहरूको ममतालाई कदर गर्दै निजलाई सम्मान गर्ने निर्णय गरियो ।

Scanned with CamScanner